6 March, 2026

आकाशवाणी

मुख्य समाचार-

1. राष्ट्रपति द्रौपदी मुर्मु नवौँ अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा भाग लिन भोलि दार्जीलिङ आउनुहुने

2. नागाल्याण्डका युवाहरूलाई राष्ट्रिय सेवामा सामेल हुन र राष्ट्र निर्माणमा योगदान दिन उपराष्ट्रपतिले गर्नुभयो आग्रह

3. कृषि भारतीय अर्थतन्त्रको मेरुदण्ड र दीर्घकालीन विकासको महत्वपूर्ण स्तम्भ भएको प्रधानमन्त्रीको अडान

4. २०२६ सम्ममा भारत नक्सलवादबाट मुक्त हुने गृहमन्त्री शाहको दाबी

अनि

5. इजरायल र संयुक्त राज्य अमेरिका अनि इरानको संयुक्त सेना बीचको युद्ध सातौँ दिनमा पनि जारी

---------

1.राष्ट्रपति - दार्जिलिङ

राष्ट्रपति द्रौपदी मुर्मु भोलि पश्चिम बङ्गालको दार्जिलिङ भ्रमणमा आउनुहुँदैछ। उहाँले अन्तर्राष्ट्रिय संथाल परिषद्द्वारा आयोजित नवौँ अन्तर्राष्ट्रिय संथाल सम्मेलनमा भाग लिनुहुनेछ।

## 2.उपराष्ट्रपति – नागाल्याण्ड

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले नागाल्याण्डका युवाहरूलाई राष्ट्रिय सेवामा सामेल हुन र राष्ट्र निर्माणमा योगदान दिन आह्वान गर्नुभएको छ। आज **जुन्हेबोटो** जिल्लाको **लुमामीमा नागाल्याण्ड** विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उपराष्ट्रपतिले उक्त आह्वान गर्नुभएको हो।

यसरी नै उहाँले, विविधतामा एकता नै भारतको सबैभन्दा ठूलो शक्ति हो भन्नुभयो। आफ्नो सम्बोधनका क्रममा सीमावर्ती राज्यको समग्र विकासका लागि शान्ति र सहयोग महत्त्वपूर्ण रहने विषयमाथि जोड दिनुभयो।

उपराष्ट्रपति नागाल्याण्ड, मिजोरम र त्रिपुराका उत्तरपूर्वी राज्यहरूको तीन दिने भ्रमणमा हुनुहुन्छ र भोलि उहाँ आइजल जानुहुनेछ।

## 3. प्रधानमन्त्री - वेबिनार कृषि

प्रधानमन्त्री नरेन्द्र मोदीले कृषि भारतीय अर्थतन्त्रको मेरुदण्ड र दीर्घकालीन विक ासको महत्वपूर्ण स्तम्भ भएको बताउनु भयो। कृषि र ग्रामीण रूपान्तरण सम्बन्धी बजेटपछिको वेबिनारलाई भिडीयो कन्फरेन्स मार्फत् सम्बोधन गर्दै श्री मोदीले कृषि क्षेत्रलाई सुदृढ पार्न सरकारले नियमित रूपमा धेरै कदम चालेको बताउनु भयो। श्री मोदीले प्रधानमन्त्री किसान सम्मान निधि योजना अन्तर्गत लगभग १० करोड किसानले ४ लाख करोडभन्दा ज्यादा नकद प्राप्त गरेक ो पनि आफ्नो सम्बोधनमा उल्लेख गर्नुभयो।

यसरी नै प्रधानमन्त्रीले यस वर्षको बजेटले कृषि क्षेत्रमा नयाँ उर्जा भर्ने दिशामा प्रयास गरिरहेको आवगत गराउनु भयो।

श्री मोदीले यस वर्षको बजेटले उत्पादन र निर्यातलाई बढेत्तरी गर्दै कृषि क्षेत्रमा अनेकौँ अवसर प्रदान गर्नेछ भन्नुभयो।

## 4.राजनाथ सिंह - आत्मनिर्भरता

रक्षामन्त्री राजनाथ सिंहले अनिश्चितताको यस युगमा सान्दर्भिक रहन आत्मनिर्भरता मात्र एउटा तरिका हो भन्नुभयो।

श्री सिंहले कोलकातामा आयोजित "सागर संकल्प" कार्यक्रम उद्घाटन गर्दै उक्त विचार व्यक्त गर्नुभएको हो। उहाँले वर्तमान विश्वव्यापी परिस्थितिले आपूर्ति शृङ्खलाको पुनर्सङ्रचना र समुद्री गतिविधिहरूमा निरन्तर वृद्धि भएको उल्लेख गर्नुभयो।

रक्षामन्त्रीले सरकारको प्रयासले सकारात्मक नतिजा ल्याइरहेको बताउनुभयो।

## 5. अमित शाह ओडिशा भ्रमण

केन्द्रीय गृहमन्त्री अमित शाहले आज केन्द्रीय औद्योगिक सुरक्षा बल (CISF) बिना भारतको औद्योगिक विकास असम्भव हुने बताउनु भयो। **कटकस्थित मुन्डुलीमा** **CISF** को ५७ औँ स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै श्री शाहले देशभरीका प्रमुख औद्योगिक प्रतिष्ठानहरूमा सुरक्षा सुनिश्चित गर्न बलले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनु भयो।

माओवाद विरुद्धको लडाईलाई उल्लेख गर्दै गृहमन्त्रीले मार्च २०२६ सम्ममा भारत नक्सलवादबाट मुक्त हुने विश्वास व्यक्त गर्नुभयो।

## 6. वर्धन - समझौतापत्र

केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन राज्यमन्त्री कीर्तिवर्धन सिंहले आज नयाँ दिल्लीमा प्रतिनिधिमण्डलस्तरीय वार्तामा भाग लिनुभयो र वातावरणीय सहयोग सम्बन्धी नवीकरण गरिएको सम्झौता पत्र आदानप्रदान गर्नुभयो।

सामाजिक सञ्जाल पोस्टमा, श्री सिंहले २०२० को समझौतापत्रको नवीकरणले प्रदूषण नियन्त्रण, दिगो फोहोर व्यवस्थापन र जलवायु परिवर्तन कार्यमा संयुक्त प्रयासहरूलाई अगाडि बढाउने भारतको प्रतिबद्धतालाई पुन: पुष्टि गर्ने जनाउनु भएको छ। यस समझौतापत्रले ज्ञान र प्रविधि साझेदारीलाई सुदृढ पार्दै वन र प्राकृतिक स्रोतहरूको संरक्षणलाई सक्षम बनाउनेछ श्री सिंहले भन्नुभयो।

## 7. गोयल - निर्यातकर्ता

**वाणिज्य तथा उद्योग** मन्त्री पियुष गोयलले देशका निर्यातकर्ताहरूलाई सहयोग गर्न सरकारले सबै नीतिगत उपायहरू र निर्यात प्रवर्द्धन अभियानहरू प्रयोग गर्ने बताउनु भएको छ।

नयाँ दिल्लीमा, उहाँले अमेरिका-इजरायल र इरान द्वन्द्वका कारण व्यापारमा भएका अवरोधहरूको बारेमा बोल्दै सरकारले यी मुद्दाहरूलाई दैनिक रूपमा विचार गर्न अन्तर-मन्त्री समूह गठन गरेको जानकारी दिनुभयो। उहाँले भारतले सामान र सेवा क्षेत्रमा विदेशी खरीददारहरूलाई गरेका सबै वाचाहरू पूरा गर्न जारी राख्ने बताउनु भयो।

## 8. पश्चिम एसिया युद्ध अपडेट

आज इजरायल र संयुक्त राज्य अमेरिका अनि इरानको संयुक्त सेना बीचको द्वन्द्वको सातौँ दिन हो। इजरायलले इरान र लेबनानको राजधानीमा बमबारी गऱ्यो। यसैबीच, अमेरिकाले समुद्रमा इरानी ड्रोन वाहकमाथि आक्रमण गरेको बताइएको छ, जसले इरानको युद्धपोत बेडालाई लक्षित गर्ने अमेरिकी अभियानलाई बढाएको छ।

इजरायली सेनाले इरानको अधिकांश हवाई रक्षा प्रणाली र मिसाइल प्रक्षेपकहरू नष्ट गरेको दाबी गरेको छ। अमेरिकी रक्षा सचिव पिट हेगसेथले तेहरानमा आक्रमणहरू आसन्न रहेको चेतावनी दिएका छन्।

## 10. मध्य मिजोरम - अनुदान

केन्द्र सरकारले २०२५-२६ को लागि १५ औँ वित्त आयोग अनुदानको रूपमा मिजोरमका ग्रामीण स्थानीय निकायहरूलाई ₹१४८ मिलियन (१४८ मिलियन रुपैयाँ) जारी गरेको छ। यो रकम अनुदानको पहिलो किस्ती हो र यसले राज्यका ८१६ गाउँ परिषदहरूलाई लाभान्वित गर्नेछ।

यो अनुदान सरसफाइ, खुला दिसामुक्त (ODF), पूर्वाधार मर्मतसम्भार, पिउने पानी आपूर्ति, वर्षाको पानी संकलन आदिजस्ता आधारभूत सेवाहरूको लागि प्रयोग गर्न सकिन्छ।

## 10.इन्डिगो - यात्रा सल्लाहकार

पश्चिम एसियामा चलिरहेको द्वन्द्वलाई ध्यानमा राख्दै, इन्डिगो एयरलाइन्सले पश्चिम एसिया र इस्तानबुल जाने- आउने उडानहरूको टिकट रद्द गर्दा दिइने छूट ३१ मार्चसम्म विस्तार गर्ने घोषणा गरेको छ।

इन्डिगोले यात्रीहरूलाई यदि उनीहरूले यात्रा तालिका बनाएका छन् भने उडान स्थिति बारेमा अडेट रहन सल्लाह दिएको छ।

## 11. T20 क्रिकेट

भारत ICC T20 क्रिकेट विश्वकपको फाइनलमा पुगेको छ। हिजो राति मुम्बईको वानखेडे स्टेडियममा भएको रोमाञ्चक दोस्रो सेमिफाइनलमा इङ्गल्याण्डलाई सात रनले पराजित गऱ्यो। २५४ रनको लक्ष्यको जवाफमा इङ्गल्याण्डले सात विकेट गुमाएर २४६ रन बनायो।

भारतले आइतबार फाइनलमा न्युजिल्याण्डको सामना गर्नेछ। खेल अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिनेछ।

---------